पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ४९ प्रमाणित मिति: २०७७ माघ २४ गते

## भाग १

## पोखरा महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७

# पोखरा महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७

**प्रस्तावना** : पोखरा महानगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकतिक विपद् बाट सर्वसाधारणको जिउधन र सार्वजनिक सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचना संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ (१) बमोजिम यो ऐन बनाई जारी गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “पोखरा महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७” रहेको छ ।

(२) यो ऐन तुरून्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “**ऐन**” भन्नाले पोखरा महानगरपालिकाको नगरसभाले बनाएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ सम्झनु पर्छ ।

(ख) “**कार्यकारी समिति**” भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) “**कोष**” भन्नाले ऐनको दफा १३ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

(घ) “**गैरप्राकृतिक विपद्**” भन्नाले महाँमारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतङ्क, खानि, हवाई, सडक, वा औद्योगिक दुर्घटना, आगलागी, विषादि, ग्यास, रसायन वा विकिरण चुहावट, ग्यास विष्फोटन, विषादि खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा

भौतिक संरचनाको क्षति तथा उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(ङ) “**जिल्ला विपद् व्यवस्थापन समिति**” भन्नाले संघीय ऐनको दफा १६ बमोजिम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) “**तोकिएको**” वा “**तोकिए बमोजिम**” भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ ।

(छ) “**नगर प्रमुख**” भन्नाले पोखरा महानगर कार्यपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ज) “**नगर उपप्रमुख**” भन्नाले पोखरा महानगर कार्यपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(झ) “**प्रदेश**” भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(ञ) “**प्रदेश ऐन**” भन्नाले गण्डकी प्रदेशको विपद् व्यवस्थापनसम्बन्धी ऐन सम्झनुपर्छ । साथै “**प्रदेश नियम वा प्रदेश नियमावली**” भन्नाले गण्डकी प्रदेशको विपद् व्यवस्थापनसम्बन्धी नियमावली सम्झनुपर्छ ।

(ट) “**प्रदेश विपद् व्यवस्थापन परिषद्**” भन्नाले संघीय ऐनको दफा १३ (क) बमोजिम प्रदेशमा गठन भएको परिषद् सम्झनु पर्छ ।

(ठ) “प्रदेश विपद् व्यवस्थापन समिति” भन्नाले संघीय ऐनको दफा १४ बमोजिम गण्डकी प्रदेशमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ड) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ढ) भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिबृष्टि, अनाबृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुवान, खडेरी, आँधी, हुरीवतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक प्रकोपका कारणले उत्पन्न

जुनसुकै विपद् सम्झनु पर्छ ।

(ण) “**महानगरपालिका**” भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्छ ।

(त) “**राष्ट्रिय परिषद्**” भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनु पर्छ ।

(थ) “**राष्ट्रिय प्राधिकरण**” भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्छ ।

(द) “**वडा**” भन्नाले पोखरा महानगरपालिकाको वडा सम्झनु पर्छ ।

(ध) “**विपद्**” भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सृजना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(न) “**विपद् खोज तथा उद्धार समूह**” भन्नाले विपद्को अवस्थामा खोज तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गरिएको विशिष्टिकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(प) “**विपद् जोखिम न्यूनीकरण**” भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षति न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(फ) “**विपद् पुनर्लाभ**” भन्नाले विपद्को घटना पछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(ब) “विपद् प्रतिका” भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(भ) “**विपद् व्यवस्थापन**” भन्नाले विपद् पर्वतयारी, प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(म) “**व्यवसायिक प्रतिष्ठान**” भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ मल, बहुउद्देशीय व्यवपारिक भवन जस्ता व्यवसायिक प्रतिष्ठान सम्झनु पर्छ ।

(य) “**समिति**” भन्नाले दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

(र) “**संघीय ऐन**” भन्नाले संघीय सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ सम्झनु पर्छ ।

(ल) “**संघीय मन्त्रालय**” भन्नाले संघीय सरकारको विपद् व्यवस्थापन वा अन्य बिषय सम्बन्धित विषय हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्छ ।

(व) “**सार्वजनिक संस्था**” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य संस्था वा शैक्षिक संस्था सम्झनु पर्छ ।

(श) “**सुरक्षा निकाय**” भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, प्रदेश प्रहरी वा नगर प्रहरी सम्झनु पर्छ ।

## परिच्छेद – २

## महानगर विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **महानगर विपद् व्यवस्थापन समितिको गठन सम्बन्धी व्यवस्था** : (१) महानगरमा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापलाई प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न महानगरपालिका अन्तर्गत एक नगर विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) विषयगत क्षेत्र सम्बन्धित समितिका वा कार्यदलका संयोजकहरू मध्येबाट नगर प्रमुखले मनोनित गरेको १ जना - सदस्य

(घ) विपद व्यवस्थापन प्रमुख १ जना - सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलका महानगरपालिका स्थित प्रमुख वा निजको प्रतिनीधि १ जना - सदस्य

(च) कार्यपालिका सदस्य मध्येबाट नगर कार्यपालिकाबाट मनोनित गरे को कम्तिमा १ जना महिला सहित ३ जना- सदस्य

(छ) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनीधि १ जना - सदस्य

(ज) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनीधि १ जना- सदस्य

(झ) विपद् व्यवस्थापनमा काम गरेको गैरसरकारी संस्थाहरू मध्येबाट नगर कार्यपालिकाबाट मनोनित १ जना - सदस्य

(ञ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत तहका कर्मचारी- सदस्य सचिव

४. **समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) समितिको बैठक बर्षको कम्तिमा चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जेसुकै लेखिएको भएता पनि विपद्को घटना घटेको अवस्थामा वा तत्काल बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै समयमा पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र कम्तिमा ४ जना सदस्यहरू उपस्थित

भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(६) समितिको निर्णय सकेसम्म सर्वसम्मत गर्नु पर्नेछ, सो हुन नसके बहुमतद्वारा हुनेछ, मत बराबर भएमा अध्यक्षले निर्णायक दिनेछ ।

(७) उपदफा (१) र (४) बमोजिमको बैठकमा अध्यक्षले आवश्यक ठाने मा समितिमा नरहेका सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनीधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ र निजहरूले बैठकमा अध्यक्षको अनुमति लिएर छलफलमा भाग लिन सक्नेछन् र त्यस्तो आमन्त्रित प्रतिनीधिलाई बैठकको निर्णयमा वा मतदानमा मत दिने अधिकार हुनेछैन ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय समितिको बैठकको अध्यक्ष वा सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार** : (१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी नीति, रणनीति, कार्यविधि तथा योजना तर्जुमा गर्ने र नगरसभा वा नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागु गर्ने सम्बन्धमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय परिषद्बाट स्वीकृत नीति तथा योजना एवम् कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन परिषद्बाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति र मापदण्डहरूको प्रतिकूल नहुने गरी महानगरपालिकाको आवश्यकता अनुसार नगर विपद् व्यवस्थापन नीति, रणनीति, कार्यविधि तथा योजना तयार गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) नगर सभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने, गराउने,

(ग) महानगरपालिकाबाट सञ्चालन हुने विपद् न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय था प्रादेशिक कानूनको अधीनमा रही सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ङ) विपद् व्यवस्थापनका सम्बन्धमा महानगरपालिकाको संस्थागत क्षमता विकासका लागि रणनीति, कार्ययोजना तयार गरी लागु गर्ने, गराउने,

(२) प्रकोप तथा विपद् जोखिम र प्रभाव कम गर्ने सम्बन्धमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महानगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरू पहिचान गरी जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड, योजना बनाई नगर कार्यपालिकाबाट स्वीकृत गराई लागु गर्ने गराउने,

(ख) प्रकोप तथा विपद् जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थानको नक्साङ्कन गर्ने, गराउने,

(ग) नगर कार्यपालिकालाई जोखिम संवेदनिशील विकास तथा भू-उपयोग योजना तयार गर्न र कार्यान्वयन गर्न, गराउन सहयोग गर्ने,

(घ) सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ङ) नगर कार्यपालिकासँग समन्वय गरी नदी किनार, बगर, कटान र डुवान हुने क्षेत्र वा विपद् जोखिम भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(च) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका

व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(छ) प्रकोप तथा विपद् जोखिम न्यूनीकरण र स्थानीय स्तरमा अवलम्बन गर्न सकिने जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन सम्बन्धी ज्ञान, शीप अभिबृद्धिका सामग्रीहरू निर्माण तथा सचेतनामूलक कार्यक्रमहरू बनाई सञ्चालन गर्ने, गराउने,

(ज) सार्वजनिक, व्यक्तिगत वा व्यवसायिक भवन निमर्माण गर्दा नेपालको राष्ट्रिय भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका, मापदण्डको पालना गर्ने, गराउने,

(झ) सार्वजनिक भौतिक पूर्वाधार संरचना निर्माण तथा बिभिन्न सेवा सञ्चालन सम्बन्धी संरचना निर्माण गर्दा संघीय सरकारबाट स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउन साथै आवश्यक भएमा थप निर्देशिका वा मापदण्ड तयार गरी लागु गर्न, गराउन कार्यपालिकालाई सहयोग गर्ने,

नोटः पूर्वाधार संरचना भन्नाले खाानेपानी, सिंचाई, सडक, विद्युत, सञ्चार, अस्पत्ताल तथा तिनीहरूबाट उपलब्ध हुने सेवा आदि सम्झनु पर्छ ।

(ञ) भौतिक पूर्वाधार सम्बन्धी संरचना निर्माण गर्दा प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय असर एवम् विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ट) सम्बन्धित निकाय र सरोकारवालाहरूसँग समन्वय गरी विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न आवश्यक सहयोग र समन्वय गर्ने,

(ठ) कृषि, वन, पशु-पन्छी पालन, उद्योग, व्यापार तथा वाणिज्य क्षेत्रमा विपद् जोखिम न्यूनीकरण योजना तर्जुमा गरी लागु गर्ने, गराउने,

(ड) विपद्को घटनामा हुने मानवीय, भौतिक अन्य सम्पत्तिमा भएका क्षतिको मूल्याङ्कन गर्ने संयन्त्रको विकास तथा आवश्यक क्षमता विकास

गर्ने, गराउने,

(ढ) विपद्को समय अवधिमा प्रयोग गर्न सुरक्षित खुला स्थल पहिचान, क्षमता मुल्याङ्कन, आवश्यकता अनुसार स्तर उन्नती गरी ती स्थानमा आश्रय गृह र सेवा सुविधाहरूको विकास गर्ने, गराउने,

(३) विपद् पूर्वतयारी तथा प्रतिकार्यका सम्बन्धमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्वयंसेवक परिचालन गर्न आवश्यक कार्यविधि, संस्थागत संरचना (स्वयंसेवक ब्युरो, उपसमिति आदि), आचारसंहिता, पञ्जीकरण तथा परिचालन प्रक्रिया साथै स्वयंसेवकहरूको सिप, क्षमता विकास योजना तयार गरी कार्यपालिकाबाट स्वीकृत भएपछि लागु गर्ने, गराउने ।

(ख) विपद्का घटना हुने संभावना हुनासाथ र पूर्वानुमान संभव नहुने प्रकोपहरूमा घटना हुनासाथ विपद् प्रतिकार्य (खोज, उद्धार, क्षतिको द्रुत मूल्याङ्कन र तत्कालीन राहतका कार्यहरू) गर्न स्वतः परिचिलत हुने संस्थागत संयन्त्र तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(ग) राहत सामग्री भण्डारणका लागि आवश्यक गोदाम घरको व्यवस्था गरी सो को सञ्चालन तथा व्यवस्थापन गर्ने, गराउने,

(घ) महानगरपालिकामा विपद् व्यवस्थापन सम्बन्धी सूचना व्यवस्थापन प्रणाली स्थापना र सञ्चालन गर्ने, गराउने ।

(ङ) नगर स्तरको प्रकोप एवम् विपद् पूर्व-सूचना प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने, साथै जिल्ला, प्रदेश एवम् राष्ट्रिय स्तरको पूर्वसूचना प्रणालीमा पहुँच कायम गराउने,

(च) महानगरपालिका स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने, गराउने,

(छ) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(ज) विपद्को समयमा वारुणयन्त्र, एम्बलेन्स लगायतका अन्य उपकरणहरू तत्काल खटाउने प्रबन्ध गर्ने, गराउने,

(झ) विपद्को समयमा आमसञ्चार माध्यमहरूको भूमिका सम्बन्धी आवश्यक मापदण्ड कार्न्वयन गर्ने, गराउने,

(ञ) आपत्कालीन अवस्थामा राहत सम्बन्धी सामग्री, सेवा र उपकरणहरू खरिद गर्न व भाडामा लिई प्रयोग गर्न महानगरपालिका र सम्बन्धित निकाय, प्रतिष्ठान्, व्यवसाय वा व्यक्तिहरूविच अग्रिम करार वा अनुवन्ध करार गर्ने व्यवस्था मिलाउने,

(ट) विपद्को समयमा जोखिममा रहेको समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुनसक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिममका शोषण) रोकथामको लागि आवश्यक कार्यहरू गर्ने, गराउने,

(ठ) आपत्कालीन उपचारका लागि सार्वजनिक तथा निजी अस्पत्ताल वा स्वास्थ्य संस्थामा पर्याप्त पूर्वाधार तथा सुविधाको व्यवस्था गरी विपद् प्रभावितलाई तत्काल उपचार हुने व्यवस्था मिलाउने,

(ड) विपद्को घटनाबाट असर पर्न सक्ने क्षेत्रमा रहेका र विपद् प्रभावित बासिन्दाको जीउधनको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने,

(ढ) आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समितिसँग र प्रदेशसँग समन्वय गरी विपद् प्रभावितको खोज तथा उद्धारका लागि सुरक्षा निकाय, खोज था उद्धार समूह, स्थानीय समुदाय, नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउट, स्वयंसेवक, प्राविधिक लगायतका सरोकारवाला संस्थालाई परिचालन गर्ने, गराउने,

(ण) विपद्को घटना पश्चात् मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तराष्ट्रिय खोज, उद्धार समूह एवम् प्राप्त नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, गराउने,

(त) सुरक्षा निकाय परिचालनन गरी विपद् प्रभावित क्षेत्रमा आवश्यकता अनुसार यातायात तथा मानिसको आवतजावतमा नियन्त्रण गर्ने, गराउने,

(थ) विपद्का कारण सिर्जित फोहोर तथा अन्य अनावश्यक बस्तु हटाउने

वा हटाउन लगाउने,

(द) स्वीकृत विधि र मापदण्ड अनुसार विपद्को समयमा मृत्यु भएका मानिसको शव तथा जनावरको मृत शरीर व्यवस्थापन गर्ने, गराउने,

(ध) आपत्कालीन अवस्थामा विपद् प्रभावित व्यक्तिहरूको लागि सुरक्षित आश्रय गृहको व्यवस्था गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा प्रभावितहरूलाई खानेपानी, खद्यान्न, कपडा, तथा औषधि उपचार जस्ता अत्यावश्यक बस्तुको प्रबन्ध गर्ने, गराउने,

(प) विपद् प्राभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरूको निर्माण गर्ने, गराउने,

(फ) तोकिएका अन्य काम गर्ने ।

(४) पुनर्लाभ, पुनर्स्थापना र पुनर्निमार्णका सम्बन्धमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) क्षतिको बिस्त्रित मूल्याङ्कनका साथै पुनर्निर्माण र पुनर्स्थापनाको लागि आवश्यक साधन श्रोतको मूल्याङ्कन र लागत अनुमान गर्ने, गराउने वा यस्तो कार्यमा जिल्ला विपद् व्यवस्थापन समित वा प्रदेश विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ख) विपद्मा परी हराएका, विग्रेका वा नष्ट भएका कागजातको तथ्याङ्क अद्यावधिक गरी राख्ने र सम्बन्धित कार्यालहरूलाई राख्न लगाउने,

(ग) विपद्को घटनामा भएको क्षतिको विस्त्रित विवरण तयार गर्ने, गराउने,

(घ) विपद्बाट प्रभावित घर परीवारको पहिचान, प्रभावको स्तर निर्धारण तथा परिचय-पत्र वितरण गर्ने, गराउने,

(ङ) विपद्को जोखिममा रहेका वा विपद् प्रभावित क्षेत्रमा रहेका असुरक्षित भवनहरू भत्काउन लगाउने,

(च) कृषि, पशु-पंक्षी पालन, वन, सिंचाई, खानेपानी, सडक, विद्युत, सञ्चार, स्वास्थ्य सेवा, उद्योग, व्यवसाय, जस्ता प्राकृतिक श्रोतहरू तथा आर्थिक, सामाजिक क्षेत्रका पुनर्स्थापना, पुनर्निर्माणका लागि रणनीति,

योजना तयार गरी लागु गर्ने, गराउने,

(छ) विपद् प्रभावित क्षेत्रका नागरिकहरूलाई अस्थायी पुनर्स्थापना गने, गराउने,

(ज) विपद् प्रभावित क्षेत्रमा प्रभावित समुदायहरूको आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सिर्जना तथा जीवनयापनका लागि आयआर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(५) विपद् व्यवस्थापन गर्न आवश्यक समन्वय र सहकार्यसम्बन्धी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उद्धार तथा राहत कामको प्रगती विवरण जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र तोकिए बमोजिम अन्य निकायलाई पठाउने,

(ख) दफा १५ मा उल्लेख भए बमोजिम संघीय सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीय स्तरका सरकारी, गैरसरकारी एवम् निजी साधन, यन्त्र, उपकरण, सामान, खद्यान्न आदिको प्रयोग तथा व्यवस्थापनमा सहयोग, समन्वय गर्ने र सो को अभिलेख राख्ने,

(ग) विपद् व्यवस्थापन सम्बन्धमा प्राधिकरण, प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति र अन्य सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गर्न महानगर कार्यपालिकालाई सहयोग गर्ने,

(घ) अन्य महानगरपालिका, गाउँपालिकाहरूसँग आवश्यक समन्वय, सहकार्य गर्न नगर कार्यपालिकालाई सहयोग गर्ने,

(ङ) विपद् व्यवस्थापन सम्बन्धमा नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(६) समितिले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नगर सभा वा नगर कार्यपालिकाले निर्णय गरी तोकिदिएका अन्य काम, कर्तव्य निर्वाह गर्नुपर्नेछ ।

## परिच्छेद – ३

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **वडा विपद् व्यवस्थापन समितिको गठन** : (१) विपद् व्यवस्थापन सम्बन्धी क्रियाकालपहरू सञ्चालन तथा व्यवस्थापनका लागि महानगरपालिकाको प्रत्येक वडामा बढीमा १५ पदाधिकारीहरू रहेको एक वडा विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडा विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) वडा अध्यक्ष - अध्यक्ष

(ख) वडा सदस्यहरू- सदस्य

(ग) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका वडा स्थित प्रमुख वा निजले तोकेको प्रतिनीधि - सदस्य

(घ) नेपाल रेडक्रस सोसाईटीको स्थानीय प्रतिनिधि - सदस्य

(ङ) सामुदायिक विपद् व्यवस्थापन समितिका अध्यक्ष वा संयोजकहरू मध्येबाट वडा अध्यक्षले मनोनित गरेको १ जना - सदस्य

(च) गैरसरकारी तथा समुदायमा आधारित संघसंस्था, तथा युवा क्लवबाट न्यूनतम १ महिला सहित वडा अध्यक्षबाट मनोनित ३ जना - सदस्य

(छ) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

७. **वडा विपद् व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) वडा विपद् व्यवस्थापन समितिको बैठक बर्षको कम्तीमा चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षसँग समन्वय गरी समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा

बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै समयमा पनि समितिको बैठक बोलाउन सक्नेछ । त्यस्तो अवस्थामा अध्यक्ष र कम्तीमा २ जना सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

(६) समितिको निर्णय सकेसम्म सर्वसम्मत् गरिनेछ, सो हुन नसके बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) अध्यक्षले सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनीधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।तर, आमन्त्रित सहभागीलाई निर्णयमा मतदान गर्ने अधिकार हुनेछैन ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

नोटः यस दफामा समिति भन्नाले वडा विपद् व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

८. **वडा विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : (१) वडा विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) महानगरपालिकाको स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोक गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी महानगरपालिकाको स्वीकृत निर्देशिका, कार्यविधि तथा मापदण्डहरूको पालना गर्ने, गराउने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास

गर्ने,

(घ) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक, तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनीधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(ङ) विपद् जोखिममा रहेका घरपरिवारके पहिचान, स्तर निर्धारण तथा परिचय पत्र वितरणमा नगर विपद् व्यवस्थापन समितिलाई सहयोग गने ,

(च) महानगरपालिकाले तयार गर्ने जलवायु तथा विपद् जोखिम पार्श्वचीत्र तयार गर्ने कार्यमा सघाउने र सम्बन्धित वडामा सूचना सङ्कलनको लागि व्यवस्था मिलाउने,

(छ) वडा भित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रमहरू सञ्चालनका लागि नगर विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने,

(ज) वडामा विकास निर्माणका क्रियाकलापहरूमा विपद् जोखिम न्यूनीकरण, व्यवस्थापनलाई मूलप्रवाहिकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पत्ताल (स्वास्थ्य चौकी समेत) का लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(झ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्य योजना, पुर्नस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ञ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहलाई परिचालन गर्ने, गराउने,

(ट) विपद्का घटना हुनासाथ खोज, उद्धार, प्राथमिक उपचार लगायतका राहतका कार्यहरू गर्नको लागि समन्वय गर्ने,

(ठ) आपत्कालीन अवस्थाको व्यवस्थापनका लागि विपद्को प्रकृतीको आधारमा नमूना अभ्यास गर्ने, गराउने,

(ड) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुनसक्ने घटना

(लैङ्गिक हिंसा, बेचबिखन, तथा अन्य किसिमको शोषण) रोकथामको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ढ) विपद् पश्चात् विपद्मा परेका प्रभावितहरूको पहिचान गरी नगर कार्यपालिकाको निर्णय बमोजिम पुनर्लाभ (पुनर्स्थापना र पुननिर्माण) सम्बन्धी कार्य गर्ने, गराउने,

(ण) नगर विपद् व्यवस्थापन समिति वा महानगरपालिकाले तोकेको विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

(६) वडा विपद् व्यवस्थापन समितिले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नगर सभा वा नगर कार्यपालिका वा नगर विपद् व्यवस्थापन समितिले निर्णय गरी तोकिदिएका अन्य काम, कर्तव्य निर्वाह गर्नुपर्नेछ ।

## परिच्छेद – ४
## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

९. **सुरक्षा निकायको परिचालन, सहयोग र समन्वय** : (१) नगर कार्यपालिकाले विपद् व्यवस्थापनको काममा संघीय सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि नगर कार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा महानगरपालिकामा उपलब्ध भए त्यस्तो सामग्री तत्कालै उपलब्ध गराउनु पर्नेछ ।

(३) विपद् प्रतिकार्यका लागि नगर कार्यपालिकाले नगर प्रहरीलाई परिचालन गर्नेछ ।

१०. **वारुणयन्त्र, एम्बुलेन्स् तथा अन्य सेवा प्रदायकको काम, कर्तव्य र अधिकार** : (१) वारूणयन्त्र, एम्बुलेन्स् तथा त्यस्तै अन्य सेवा प्रदायकले नगर विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको तत्काल पालना गर्नुपने

छ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा नगर विपद् व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र वा तोकिएको सेवा प्रदायकलाई हुनेछ ।

(३) महानगरपालिकाको वारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन महानगरपालिकाबाट स्वीकृत कार्यविधि र मापदण्ड अनुसार गरिनेछ ।

११. **सार्वजनिक संस्था था व्यवसायिक प्रतिष्ठानको दायित्व** : (१) विपद् व्यवस्थापन सम्बन्धमा महानगरपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय, व्यवसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना, पुनर्निर्माण समेतका कार्यमा सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत तालिम, अभ्यास र साधन उपकरणको व्यवस्था गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी अवस्थामा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेश अनुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपररिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग गर्ने,

(छ) विपद् जोखिम न्यूनीकरणका लागि तोकिएका कार्यहरू गर्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीविकामा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) महानगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि, मापदण्डहरूको अधीनमा रही आफ्नो संस्था वा प्रतिष्ठानको विपद् व्यवस्थापन योजना तर्जुमा गरी लागु गर्नु पर्नेछ ।

१२. **विपद् व्यवस्थापनमा सहयोग गर्नुपर्ने** : महानगरपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघ संस्था, समुदाय, स्वयंसेवक, व्यवसाय वा व्यक्ति सबैले विपद् व्यवस्थापन कार्यमा महानगरपालिकालाई देहाय बमोजिम सहयोग गर्नुपर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिके मूल्याङ्कन, विपद् जोखिम न्यूनीकरण, पुनर्स्थापना तथा पुनर्निर्माण लगाउतका विपद् व्यवस्थापन सम्बन्धी काममा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालिन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण, कार्यक्रममा सहयोग गर्ने तथा सहभागी हुने,

(घ) विपद्को समयमा खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

(ङ) अन्य आवश्यक सहयोग गर्ने ।

## परिच्छेद – ५
## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१३. **विपद् व्यवस्थापन कोष** : (१) विपद् व्यवस्थापनका लागि महानगरपालिकामा छुट्टै कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् ।

(क) महानगरपालिकाको बार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) संघीय सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) कुनै स्वदेशी संघ संस्था वा व्यक्तिबाट विपद् व्यवस्थापन कोषमा जम्मा गरिदिएको दान, दातव्य, उपहार स्वरूप प्राप्त रकम,

(ङ) प्रचलित कानुन बमोजिम अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि महानगरपालिकाले कानुन बमोजिम विशेष शुल्क वा दस्तुर सङ्कलन गर्न सक्नेछ ।

(४) कोषको सञ्चालन गर्न महानगरपालिकाले यो ऐन प्रारम्भ भएको तीन महिना भित्र विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि बनाई लागु गर्नुपर्नेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि मात्र प्रयो ग गरिनेछ ।

(६) कोषको रकम प्रशासनिक कार्य, अध्ययन वा भ्रमण, तालिम, बैठक आदिको लागि खर्च गरिने छैन । तर, यस उपदफामा लेखिएको व्यहोराले विपद् पूर्वतयारी र प्रतिकार्यका लागि तोकिएका शीप विकास तालिम, नमूना घटना अभ्यास गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको बार्षिक आयव्ययको प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगरसभा समक्ष पेश गर्नेछ ।

(९) कोषको लेखापालन महानगरपालिकाको लेखा हेर्ने अधिकारीबाट हुनेछ ।

(१०) कोषको रकम स्वीकृत योजना तथा कार्यक्रममा कार्यविधि बमो जिम खर्च गर्न सम्बन्धित वडा समितिको विपद् व्यवस्थापन कोषमा पठाउन सकिनेछ ।

## परिच्छेद – ६

## कसूर तथा सजाय

१४. **कसूर र सजाय** : (१) कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाइदा लिने गरी वा अरुलाई हानी पुग्ने किसिमको कुनै काम गरेमा वा संघीय ऐन बमोजिम कसूरजन्य मानिने अन्य कुनै काम गरेमा तत् सम्बन्धी कारवाही संघीय ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई उपदफा (१) बमोजिमको दण्ड सजायका अतिरिक्त महानगरपालिकाले निजलाई महानगरपालिकाबाट उपलब्ध हुने सेवा सुविधा कटौती गर्न सक्नेछ ।

## परिच्छेद – ७

## विविध

१५. **विपद् सत्त्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय** : (१) संघीय सरकारले महानगरपालिका भित्रको कुनै ठाउँमा गम्भिर प्रकृतीको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु सबैको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गररएको क्षेत्रमा संघीय सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन महानगरपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न, गराउन समितिले आवश्यक समन्वय गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा समितिले सहयोग र समन्वय गर्नुपर्नेछ ।

१६. **संघीय सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने** : (१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले संघीय सरकारको स्वीकृति लिई महानगरपालिकासँग समन्वय गरेर मात्र प्रवेश गर्न र

स्वीकृत गतिविधि मात्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संघीय सरकारको स्वीकृति लिएको नदेखिएमा वा स्वीकृत गतिविधिको अलावा अन्य गतिविधि गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१७. **मानवीय तथा अन्य सहायता र समन्वय गर्नुपर्ने** : (१) महानगरपालिका भित्र भएको विपद्को सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि नगर प्रमुखले तत्काल जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार तथा संघीय सरकार संग सहयोग लिन साकिनेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा संघीय सरकारले अन्तराष्ट्रिय, मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा महानगरपालिकाले संघीय सरकारको तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गर्नेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत् अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु नगर कार्यपालिकाको दायित्व हुनेछ ।

(४) छिमेकी स्थानीय तह वा अन्य कुनै तहमा बसोबास गर्ने जनताको धनसम्पत्ती, जनजीवनमा प्रतिकूल असर पर्ने गरी वा विपद् जोखिम हुने गरी वा बिद्यमान जोखिम बढ्ने गरी महानगरपालिकामा कुनै गतिविधि गर्न पाइने छैन । यस्तो गरेमा दफा १४ बमोजिम कसुर गरेको मानिनेछ ।

१८. **तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने** : (१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा कुनै भौतिक संरचना निर्माण गर्न आवश्यक भएमा र यस ऐन बमोजिम अनुवन्ध करार वा उपयुक्त व्यवस्था अनुरूप तत्काल

खरिद वा निर्माण गर्न गराउन सिकिने छ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था नभएको अवस्थामा महानगरपालिकाको सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न गराउन सक्नेछ ।

(३) विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि नगर प्रमुख वा अन्य अखतियार प्राप्त अधिकारीले महानगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी संस्था वा अन्य निकाय र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सो को अभिलेख राखी तोकिएको अवधिको लागि अस्थायी तवरले प्राप्त गर्न, गराउन सक्नेछ ।

(४) विपद् प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन महानगरपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी संस्था वा अन्य निकाय र व्यक्तिको खाद्यान्न, कपडा, औषधी वा अन्य बस्तु आवश्यक भएमा सो को अभिलेख राखी प्रमुख वा तोकिएको अधिकारीले नियन्त्रणमा लिन र प्रभावितलाई उपलब्ध गर्न, गराउन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम महानगरपालिकाले कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (४) बमोजिम कुनै बस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्तिको सोधभर्ना वा प्रयोग वा बस्तु उपयो ग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनुपर्नेछ ।

१९. **राहतको न्यूनतम मापदण्डसम्बन्धी व्यवस्था** : (१) विपद् प्रभावित व्यक्ति वा परिवारलाई संघीय सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने राहतको अतिरिक्त महानगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम महानगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई

राहत उपलब्ध गराउँदा कार्यविधि, मापदण्ड बनाई सोको आधारमा राहत उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश गरिएको हुनुपर्नेछ।

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रय स्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाई सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनुपर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएका व्यक्तिको विशिष्ट किसिमका आवश्यकता सम्बोधनका लागि विशेष राहत प्याकेजहरू (जस्तैः- डिगनिटी किट), महिलाहरूको लागि महिलामैत्री आश्रय स्थल आदि)

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट विपद् प्रभावितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी संघ संस्था वा व्यक्तिले दिने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरूप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषयहरू।

२०. **विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा** : विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्णरूपमा क्षति भएका महत्वपूर्ण कागजातहरूको प्रमाणीकरण तथा महानगरपालिकामा रहेको रेकर्ड अनुसार प्रतिलिपी उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित संघीय कानूनले तोके बमोजिम हुनेछ।

२१. **निर्देशन दिन सक्ने** : समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित व्यक्ति वा निकायको

कर्तव्य हुनेछ ।

२२. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आवश्यकता अनुसार बिभिन्न प्रयोजनका लागि उपसमिति, ब्युरो गठन गर्न सक्नेछ।

(२) समितिले विपद् पूर्वतयारी तथा प्रतिकार्यकालागि बिषयगत कार्यदल, कार्यसमूह, स्वयंसेवी समूह वा टोलीको गठन र परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम गठन हुने उपसमिति, ब्युरो, कार्यसमूह, स्वयंसेवी समूह र टोलीको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाबाट स्वीकृत नियम, कार्यविधि, कार्यादेश वा कार्यसूचीमा तोकिए बमोजिम हुनेछ ।

२३. **अभिलेख राख्नुपर्ने** : (१) समिति वा विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम र उपलव्ध भएको राहत तथा सो को परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) विपद् प्रभावितलाई राहत वितरण गर्दा समितिले राहत पाउने व्यक्ति, परिवार, निकाय वा संस्थाको नाम र निजले पाएको हरेक राहत सामग्री, सेवा तथा सो को परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण राख्दा अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारण स्थानान्तरण भएका परिवार लगायतको संख्या यकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहतको विवरण राख्नुपर्नेछ ।

२४. **पुरस्कार दिन सक्ने** : महानगरपालिकामा विपद् व्यवस्थापनमा विशेष योगदान पुऱ्याउने उत्कृष्ठ व्यक्ति वा संस्थावाई प्रोत्साहन स्वरूप समितिको शिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

२५. **बार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने** : (१) समितिले प्रत्येक

आर्थिक बर्षमा गरेको कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी नगर कार्यपालिका मार्फत् नगर सभा तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बार्षिक प्रतिवेदन सार्वजनिकरूपमा प्रकाशित गर्नुपर्नेछ ।

२६. **प्रशासनिक खर्च व्यवस्थापन** : ऐनमा तोकिएको काम गर्न समिति वा उपसमितिलाई आवश्यक पर्ने कर्मचारी, प्रशासनिक र सञ्चालन खर्च नगर कार्यपालिकाले व्यवस्था गर्नुपर्नेछ ।

२७. **अधिकार प्रत्यायोजन** : (१) नगर विपद् व्यवस्थापन समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको अध्यक्ष वा महानगरपालिकाको तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकार प्रत्यायोजन गर्दा अधिकार क्षेत्र, लागु हुने समयावधि, अधिकार प्रत्यायोजनको उद्देश्य र उक्त प्रत्यायोजित अधिकार प्रयोग गर्दा पालना गर्नुपर्ने बिषयहरू खुलाउनु पर्नेछ ।

२८. **नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, आचारसंहिता बनाई लागु गर्न सक्ने** : नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड वा आचारसंहिता बनाई लागु गर्न सक्नेछ ।

२९. **खारेजी र बचाउ** : (१) पोखरा महानगरपालिकाको विपद् व्यवस्थापन ऐन २०७५ खारेज गरिएको छ ।

(२) पोखरा महानगरपालिकाको विपद् व्यवस्थापन ऐन २०७५ अन्तर्गत भए गरेका कामहरू यसै ऐन अन्तर्गत भए गरेको मानिने छ ।

**मिति : २०७७ कार्तिक ०४ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**